# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कटारी , उदयपुर
१ नं. प्रदेश नेपाल

आन्तरिक श्रोत उठाउने सम्बन्धी

# बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०४/२३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६० बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्र यस कार्यालयले आ.व. २०७५/०७६ मा आन्तरिक स्रोत उठाउनका लागि तपसिल बमोजिमका ठेक्काहरु शिलबन्दी दरभाउ पत्र प्रकृयाबाट बन्दोवस्त गर्ने भएकोले प्रथम पटक यो १५ दिने सुचना आह्वान गरिएको छ। तोकिएको दर रेटमा आन्तरिक आय उठाउन ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्म/ व्यक्तिहरुलाई देहायका शर्तको अधिनमा रही रित पूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| ०१/०७५/०७६ | कवाडी कर (वार्षिक) | २,००,०००। | १०००।- |
| ०२/०७५/०७६ | खोलामा माछा मार्ने ( वार्षिक ) | १०,०००। | १०००।- |
| ०३/०७५/०७६ | साप्ताहिक हटिया शुल्क (वार्षिक) | ५०,०००। | १०००।- |

**ठेक्का शर्तहरु :-**

१. टेण्डर फारम नगरपालिकाको कार्यालयको कर शाखाबाट रु. १०००।- (फर्ता नहुने गरी ) बुझाई प्राप्त गर्न सकिनेछ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै फारम खरिद गर्नुपर्नेछ।

३. ठेक्काको बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। तर प्रतिनिधि उपश्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोल पत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको,म्याद नाघेको रित नपुगेको कुनै शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. बोलपत्र दिंदा न्युनतम बोल अंक ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०३०३००७१०२ मा जम्मा गरी सो को सक्कल भौचर वा राष्ट्रिय वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत बोलपत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ।

५. बोलपत्रदाताले ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्य हेरी बढीमा १० (दश) प्रतिशत छुट दिन सकिनेछ।

६. बोलपत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन।

७. एउटा फर्म वा व्यक्तिको नामबाट एउटा ठेक्का शिर्षकमा एउटा मात्र बोलपत्र खरिद गरी खरिद भएको शिर्षकमा मात्र बोलपत्र दर्ता गर्नुपर्नेछ।

८. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सबै बोलपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिने छ।

९. ठेक्का नं. ०१ को बोलपत्रदताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० (चालिस) प्रतिशतले हुन आउने रकम नगदै कार्यालयमा जम्मा गरी बाँकी ६० (साठी) प्रतिशत रकम बराबरको ठेक्का सम्झौता अवधिसम्मको राष्ट्रिय वाणिज्य बैंकको जमानत (कार्य सम्पादन जमानत)पेश गरी मात्र सम्झौता गरिनेछ भने ठेक्का नं. २ र ३ को हकमा ठेक्का सम्भौता गर्नुपूर्व सम्पूर्ण रकम एकमुष्ट बुझाउनु पर्नेछ।

१०. ठेक्का सम्बन्धी कर उठाईने र सो को दररेट तथा ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा बोलपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन्।

११. ठेक्का नं. ०३ को हकमा विष्फोटक पदार्थ तथा विद्युतीय प्रविधि वा विष प्रयोग गरी माछा मार्न पाईने छैन।

प्रमुख प्रशासकीय अधिकृत